बैठक नं.११

आज मिति २०७९/०३/२१ गतेका दिन पूर्व सूचना बमोजिम बुटवल उपमहानगरपालिकाका प्रमुख एवं नगर सभाका अध्यक्ष श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरसभा सदस्यहरुको उपस्थितिमा नगरसभाको एघारौ अधिवेशनको तेस्रो बैठक बसियो ।

समय: विहान ८:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका सभाहल ।

उपस्थिति:

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख/अध्यक्ष | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख/उपाध्यक्ष | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | शुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरिप्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिप कुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| [illegible] | [illegible] | सदस्य | |

| स.नं. | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्र सिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | प्रेमशिला धोवी | सदस्य | |
| ३१ | अदिल अहमद | सदस्य | |
| ३२ | [illegible]प्रसाद राई | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३३ | गंगा घिमिरे | सदस्य | |
| ३४ | कुमारीदेवी दर्नाल | सदस्य | |
| ३५ | सुमित गुरुङ्ग | सदस्य | |
| ३६ | गौतमलाल शाक्य | सदस्य | |
| ३७ | पवित्रादेवी श्रेष्ठ | सदस्य | |
| ३८ | रतिमाला वि.क. | सदस्य | |
| ३९ | अमृत खड्का | सदस्य | |
| ४० | हरिनारायण मिश्र | सदस्य | |
| ४१ | पुनम थापा | सदस्य | |
| ४२ | गोमा नेपाली | सदस्य | |
| ४३ | अरुणकुमार श्रेष्ठ | सदस्य | |
| ४४ | गफुर मियाँ | सदस्य | |
| ४५ | यमुना श्रेष्ठ | सदस्य | |
| ४६ | विन्दु वि.क. | सदस्य | |
| ४७ | अनिल गहतराज | सदस्य | |
| ४८ | श्याम बहादुर थापा | सदस्य | |
| ४९ | पम्फाकुमारी थापा | सदस्य | |
| ५० | तारा गहतराज | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ५१ | चिने श्रेष्ठ | सदस्य | |
| ५२ | प्रशान्त पाण्डे | सदस्य | |
| ५३ | तुल्सी विश्वकर्मा | सदस्य | |
| ५४ | सन्दिप खनाल | सदस्य | |
| ५५ | वीर बहादुर तामाङ्ग | सदस्य | |
| ५६ | सीता खनाल | सदस्य | |
| ५७ | सविता वि.क. | सदस्य | |
| ५८ | हरिहर ज्ञवाली | सदस्य | |
| ५९ | तुल बहादुर थापा | सदस्य | |
| ६० | इन्दिरा ज्ञवाली | सदस्य | |
| ६१ | माया परियार | सदस्य | |
| ६२ | सूर्य बहादुर कार्की | सदस्य | |
| ६३ | विवेश पुरी | सदस्य | |
| ६४ | यमुना काउचा | सदस्य | |
| ६५ | सर्नासरा सार्की | सदस्य | |
| ६६ | रमेश प्रसाद अधिकारी | सदस्य | |
| ६७ | मिन बहादुर सारु मगर | सदस्य | |
| ६८ | मायादेवी दमाई | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| ६९ | नकुल शाही ठकुरी | सदस्य | |
| ७० | युवराज राना | सदस्य | |
| ७१ | गंगा कुमारी वि.क. | सदस्य | |
| ७२ | गंगादत्त पौडेल | सदस्य | |
| ७३ | विष्णु बहादुर थापा | सदस्य | |
| ७४ | मन्दिरा देवी गौडेल | सदस्य | |
| ७५ | कृष्ण सुनार | सदस्य | |
| ७६ | लाल बहादुर गुरुङ्ग | सदस्य | |
| ७७ | झविन्द्र थापा | सदस्य | |
| ७८ | नरमदा खत्री | सदस्य | |
| ७९ | धनमाया सुनार | सदस्य | |
| ८० | राम प्रसाद पराजुली | सदस्य | |
| ८१ | हरि प्रसाद चौधरी | सदस्य | |
| ८२ | रमा पौडेल | सदस्य | |
| ८३ | मन्जु दर्जि | सदस्य | |
| ८४ | सूर्य प्रसाद काफ्ले | सदस्य | |
| ८५ | कुल प्रसाद लम्साल | सदस्य | |
| ८६ | विष्णुदेवी गैरे सापकोटा | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| ८७ | सोमनाथ दंगोरिया | सदस्य | |
| ८८ | कुमबहादुर मर्चाह | सदस्य | |
| ८९ | देवीकुमारी दंगोरिया | सदस्य | |
| ९० | रेखा वि.क. | सदस्य | Rekha |
| ९१ | तुलसी बहादुर चौधरी | सदस्य | |
| ९२ | रामप्रसाद न्यौपाने | सदस्य | Ram |
| ९३ | राधिका घर्ति मगर | सदस्य | |
| ९४ | अन्जु वि.क. | सदस्य | |
| ९५ | हरि प्रसाद सुवेदी | सदस्य | |
| ९६ | रिता थारु | सदस्य | रिता |
| ९७ | लक्ष्मी थारु | सदस्य | |
| ९८ | सुन्ताना परियार | सदस्य | |
| ९९ | शेर बहादुर थापा | सदस्य | |
| १०० | लोकनाथ गोतामे | सदस्य | |
| १०१ | वीरेन्द्रदेव भारती | सचिव | |

प्रस्ताव नं.११.३.१४

समसामयिक विविध निर्णयहरु सम्बन्धमा ।

निर्णय नं.११.३.१४

सभाध्यक्षज्यूबाट प्रस्तुत देहाय बमोजिमका निर्णयहरुमा सर्वसम्मति भएको हुँदा पारित गर्ने निर्णय गरियो ।

१. बुटवल १२ स्थित पूर्व-पश्चिम राजमार्ग देखि करिब ३ कि.मि. उत्तर तर्फ जंगलको बीचमा रहेको पानीको मूल सुकी विस्थापित हुने अवस्थामा पुगेको ज्यामिरे वस्ती तथा सार्वजनिक पूर्वाधार निर्माणको क्रममा विस्थापित हुने नेपालभर कहिकतै जमिन नभएको परिवारको लागि न्यूनतम बसोवासको व्यवस्थाको लागि प्रदेश सरकारलाई अनुरोध गर्ने ।

२. नगरसभाबाट पारित नीति, कार्यक्रम एवं निर्णय बमोजिम सम्बन्धित वडा कार्यलयहरुको सिफारिस समेतका आधारमा पूर्वाधार विकास समितिबाट विभिन्न मितिहरुमा शीर्षकान्तर, रकमान्तर र लागत सहभागिता थप/घट सम्बन्धमा भएका निर्णयहरु ।

३. उपमहानगरपालिकाले आय ठेक्का वा अन्य व्यवस्थापनका लागि बहाल सम्झौता गरेका आर्थिक ऐनले सम्बोधन नगरेका सम्पत्ति बहालका सम्बन्धमा आवश्यक निर्णय गरी व्यवस्थापन गर्न कार्यपालिकालाई निर्देशन दिने प्रस्ताव ।

४. वडाबाट संघ प्रदेश वा नगरस्तरीय भनी माग भई आएका योजनाहरु मध्ये समावेश गर्न नसकिएका सबै योजनाको Project बैंक सूची बनाई Project बैंकमा राखिनेछ । सकेसम्म सो बाट आगामी बर्षहरुमा क्रमशः संघ प्रदेश तथा विकास साझेदार संस्था सँगको सहकार्यमा कार्यान्वयन गर्न पहल गरिनेछ ।

५. उपमहानगरपालिकाले सेवाप्रवाहका लागि आवश्यक प्रशासनिक भवन, वडा कार्यालय भवनहरु क्रमशः निर्माण गर्दै जाने र आफ्नो जग्गा नभई कार्यालय भवन निर्माण गर्न असजिलो भएको वडाहरुले आफूले संरक्षण गरी राखेको सार्वजनिक, वगर, नदी उकास

जग्गामा कार्यालय भवन बनाउन त्यस्ता जग्गाको दर्ता गर्ने, दर्ता गर्ने प्रक्रिया वा लिजमा लिने प्रक्रिया अगाडि बढाउने र स्वीकृत कार्यक्रम बमोजिम निर्माण कार्य समेत अगाडि बढाउने निर्णय गरियो ।

६. तिनाउ नदीमा तटवन्ध गरी ड्याम निर्माण गरेर हिउदमा पानीको संकलन गरी स्टिमर संचालन गर्ने र साँझमा आरती गर्ने गरी तिनाउ आरती केन्द्र क्षेत्रको रुपमा विकास एवं विस्तार गरी पर्यटन प्रवर्धनमा टेवा पुऱ्याउने गरी पूर्वाधारका कार्यहरु निर्माणमा आवश्यक सहयोग हुन प्रदेश सरकारमा अनुरोध गर्ने ।

७. बुटवल-३ स्थित ज्योतिनगर पहिरोको दीर्घकालीन व्यवस्थापनका लागि आवश्यक सहयोग हुन संघीय सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

८. बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका पार्क एवं स्टेडियम निर्माणमा आवश्यक सहयोग हुन संघीय सरकार र प्रदेश सरकारमा अनुरोध गर्ने ।

९. झुम्सा खानेपानी आयोजनालाई पूर्णता दिने गरी आवश्यक सहयोग हुन संघीय सरकारमा अनुरोध गर्ने ।

१०.चिडियाखोलाबाट आपूर्ति हुँदै आएको खानेपानीलाई शुद्धिकरण गरी पानी वितरण गर्न आवश्यक फिल्टरको व्यवस्थाका लागि संघीय सरकारमा अनुरोध गर्ने ।

११. बुटवल-२ स्थित उजिरसिंह मा.वि.को अधुरो भवन निर्माण प्रयोजनका लागि आवश्यक सहयोग हुन प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

१२. यस सभामा अनुमोदनका लागि पेश गर्ने गरी विभिन्न मितिमा भएका नगरकार्यपालिकाका निर्णयहरु अनुमोदन गरियो ।

१३. बुटवल-६, ७ र ८ का स्थानीय वासिन्दाहरुको खानेपानी आपूर्तिको समस्यालाई मध्यनजर राखी हिलपार्कमा ५ लाख लिटरको खानेपानी ट्यांकी निर्माण र धागो कारखाना अगाडि देखि पाइप विस्तार र लिफ्ट प्रणाली जडानका लागि आवश्यक सहयोग हुन संघीय सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

१४.बुटवल-१ स्थित पुरातात्विक एवं ऐतिहासिक क्षेत्रको निर्माण एवं व्यवस्थापनका लागि आवश्यक सहयोग हुन संघीय सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

१५. बुटवल-१ स्थित जितगढी किल्लाको बिशेष व्यवस्थापनका लागि आवश्यक सहयोग हुन संघीय सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

१६. बुटवल-२ स्थित फुलवारीमा रहेको सेनवंशीय दरवारको संरक्षण गरी पर्यटन प्रवर्धनमा टेवा पुऱ्याउनका लागि आवश्यक सहयोग हुन संघीय सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

१७. दातृ निकायहरुसँगको सहकार्यमा बुटवल उपमहानगरपालिका क्षेत्रभित्र कम्तीमा १०० कि.मि. सडक, नाली र खानेपानी व्यवस्थापनका लागि आवश्यक सहयोग हुन सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

१८. बुटवल उपमहानगरपालिका वडा नं.६, ७ र ८ हुदै बग्ने सुखौरा खोला माथि सडक निर्माण गर्नका लागि संघीय सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

१९. बुटवल उपमहानगरपालिका क्षेत्रभित्र एक आधुनिक खालको नगरस्तरीय हस्पिटल निर्माणका लागि आवश्यक सहयोग हुन संघीय सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

२०. बुटवल-१५ स्थित कृषि बजार केन्द्रको निर्माणका लागि आवश्यक सहयोग हुन संघीय सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

२१. बुटवल-१० स्थित रामनगरमा निर्माणाधिन आधुनिक वशुवधशालाको निर्माण कार्य सम्पन्न गरी कार्यान्वयनमा जानका लागि आवश्यक सहयोग हुन संघीय सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

२२. BTI मा Bachelor of Engineering सिद्धार्थवाल तथा महिला अस्पतालमा स्नातक तहका नर्सिङ्ग फार्मेसी फिजियोथेरापी, अटोभिलेजमा अटो इन्जिनियरिङ्ग Bachelor मा र सेमलार मा.वि.मा कृषिमा, Bachelor ~~Diploma~~ पढाईको अध्ययन अध्यापन गर्ने व्यवस्थाका लागि संघीय सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

**सभाका उपाध्यक्षज्यू एवं सदस्यज्यूहरु,**

मैले अहिले प्रस्तुत गरेका जस्तै प्रकृतिका वडाहरुबाट आएका अन्य समसामयिक विषयहरु समेतलाई समावेश गरी बजेट तयार हुनेछ । २०७७ वैशाख ३० को निर्वाचनबाट निर्वाचित भएर आए पश्चात हामी पहिलो सभा बस्यौ । हामीले जे जसरी यो बजेट ल्यायौ यसमा टोल, समुदाय र आफ्नो भुगोल भन्नु हुने छैन । हाम्रो र नगरवासीहरुको विकास प्रतिको तिव्र चाहना हुँदाहुँदै पनि बजेटको कमीले गर्दा वाध्यात्मक अवस्थामा छौ । हामीहरुसँग सिमित स्रोत र साधन छ । हामी सहमति, सहकार्य र मेलमिलापका आधारमा चल्ने छौ । यो सभा पनि सहमति, सहकार्य र मेलमिलापको उदाहरण हो । जस अपजस तपाई हामीहरु सबै मिलेर लिनुपर्दछ । कतिपय विकास निर्माणका कार्यहरु संघीय सरकारबाट सञ्चालित छन् तैपनि नगरभित्र संचालन भएका कारण सो को Initian हामीले लिनुपर्ने वाध्यता छ । सडकको अवस्था जिर्ण छ । हामीले कसरी सहजिकरण गर्न सक्छौ भनि हेरेका छौ । खानेपानी, तिनाउ कोरिडोरको समस्या छ । प्रदेशका माननीयज्यूहरुसँगको समन्वयमा संघीय सरकारमा पहल गर्नेछौ । नगरस्तरीय कार्यालयहरुसँग पनि समन्वय गरिनेछ । उल्लेखित सबै कार्यमा नगरवासी दाजुभाई तथा दिदी बहिनीहरुको सहयोग मिल्ने नै छ । यस नगरसभाको एघारौ अधिवेशनमा उपस्थित भई अधिवेशन सफल पार्न सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिदै नगरसभाको एघारौ अधिवेशन यहि समाप्त भएको घोषणा गर्दछु ।